प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

सम्बत् २०७८ साल माघ २७ गते बसेको सुदूरपश्चिम प्रदेश, मन्त्रिपरिषद्को १२६ औं वैठकले गरेको निर्णय-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय-

(१)नेपाल सरकारले सुदूरपश्चिम प्रदेशका लागि प्रदेश सभा सचिवालय, मन्त्रालय र अन्तर्गतका निकाय, मुख्यन्यायाधिवक्ता कार्यालय लगायतका सङ्गठन संरचना तथा दरबन्दी तेरिज कर्मचारी समायोजन ऐन,२०७५ को दफा ३ बमोजिम स्वीकृत गरी पठाउँदा श्रेणीगत आधारमा स्वीकृत गरी पठाएको तर कर्मचारी समायोजन गर्दा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ अनुसार तह कायम गरी पठाएको हुँदा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ११ को उपदफा १ अनुसार प्रदेशमा समायोजन नहुने (विशिष्ट श्रेणी-प्रमुख सचिव, राजपत्राङ्कित प्रथम श्रेणी- प्रदेश सचिव) बाहेकका पदलाई तहगत कायम गरी नेपाल सरकारबाट स्वीकृत भएको सङ्गठन संरचना र कर्मचारी दरबन्दीको सीमाभित्र रहीपेश भएको प्रदेशको सङ्गठन संरचना र कर्मचारी दरबन्दी तेरिजमा तपसिल बमोजिमका पदहरुलाई कर्मचारी समायोजन भई आउँदा कायम भएका पदनाम तथा तहलाई देहाय अनुसार कायम गरी मन्त्रालय/सचिवालय/निकायहरूबाट पेश भए बमोजिमको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

(क) प्रशासनसेवा, सामान्य प्रशासन समूहको साविकको राजपत्र अनंकित द्वितीय श्रेणीको खरिदार पदलाई तहगत रूपमा कायम गर्दा पदनाम-सहायक र तह- सहायकस्तर चौथो/पाचौं कायम गर्ने।

(ख) प्रशासन सेवा, सामान्य प्रशासन समूह र राजश्व समूहको साविकको राजपत्र अनंकित प्रथम श्रेणीको नायब सुब्बा पदलाई तहगत रूपमा कायम गर्दा पदनाम-सहायक/अधिकृतर तह- सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं कायम गर्ने।

(ग) प्रशासन सेवा, सामान्य प्रशासन/राजश्व समूह बाहेकका सबै सेवा, समूहको हकमा सहायकस्तरका पदहरूको पदनाम र तह मन्त्रालय/सचिवालय/निकायहरूबाट पेश भई आए बमोजिम नै हुने तर साबिकको राजपत्र अनंकित प्रथम श्रेणीको पदलाई तहगत रूपमा कायम गर्दा तह- सहायकस्तर पाँचौं/अधिकृतस्तर छैटौं कायम गरी अधिकृतस्तर छैटौं तहको हकमा पदनाम- अधिकृत कायम गर्ने।

(२) स्वीकृत संगठन संरचना तथा दरवन्दी तेरिजमा कायम भएको पदनाम र तहका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमतिमा सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयको निर्णय बमोजिम हुने।

(३) सुदूरपश्चिम प्रदेशमा प्रदेश लोकसेवा आयोग गठन भइसकेकोले कर्मचारी समायोजन भई पदपूर्ति भईसकेका र प्रदेशमा समायोजन भई आउन सहमति दिइसकेका पदबाहेक रिक्त पदहरूको एकमुष्ट विवरण तयार गरी प्रशासन सेवा, न्याय सेवा, आर्थिक योजना तथा तथ्यांक सेवा र विविध सेवाको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले र बाँकी सेवाका रिक्त पदको हकमा पद रिक्त रहेको निकायको तालुक मन्त्रालय/सचिवालयले यथाशीघ्र माग आकृति फाराम भरी पदपूर्तिका लागि कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ बमोजिम प्रदेश लोकसेवा आयोगमा पठाई सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिने ।

२. सामाजिक विकास मन्त्रालय- प्रादेशिक आयुर्वेद चिकित्सालयको अस्थायी संगठन संरचना तथा दरवन्दी तेरिज स्वीकृत गर्ने ।